# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ | संख्याः ४ | प्रमाणिकरणः२०७८।०१।१३

प्रकाशन मितिः २०७८।०१।१३


## भाग-२

## ठाकुरबाबा नगरपालिका

### <u>ठाकुरबाबा नगरपालिकाको सौगात पसल (कोसेली घर) संचालन सम्बन्धी कार्यविधि, २०७८</u>

<u>**प्रस्तावनाः**</u> लघु तथा मझौला उद्यमीहरुबाट उत्पादित सामाग्रीहरु बिक्री गर्न, स्थानीय स्तरमा उत्पादित सामाग्रीहरुको संरक्षण, प्रवर्द्धन तथा बजारीकरणमा सहयोग गर्न तथा धार्मिक तथा सांस्कृतिक महत्वका बस्तुहरु बिक्री गर्दै पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउनका लागि **"ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५** को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि पारित गरी लागू गरेको छ।

<u>परिच्छेद-१</u>

<u>प्रारम्भिक</u>

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"ठाकुरबाबा नगरपालिकाको सौगात पसल (कोसेली घर) सञ्चालन सम्बन्धी कार्यविधि, २०७८"** रहनेछ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले ठाकुरबाबा नगरपालिकालाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले ठाकुरबाबा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सैनवार बर्दियालाई सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले सौगात पसल संचालन कोषलाई सम्झनु पर्दछ।

(घ) "समिति" भन्नाले सौगात पसल प्रस्ताव अध्ययन तथा छनौट समितिलाई सम्झनु पर्दछ।

(ङ) "सौगात पसल" स्थानीय उत्पादन पराम्परागत (हस्तकला, काष्ठकला, मुर्तिकला, भेषभुषा, गरगहना) सामाग्रीहरु बिक्रि तथा प्रवर्द्धनका लागी संचालित पसललाई सम्झनु पर्छ सो शब्दले कोसेली घरलाई समेत जनाउदछ ।

<u>परिच्छेद-२</u>

<u>प्रस्ताव आह्वान सम्बन्धी व्यवस्था</u>

३. **प्रस्ताव तथा निवेदन सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाले यस नगरपालिका क्षेत्रभित्र सौगात पसल सञ्चालन गर्न ईच्छुक व्यक्तिहरुसँग प्रस्ताव आह्वान गर्नका लागि १५ दिने सूचना निकाल्नेछ।

ठाकुरबाबा नगरपालिकाको सौगात पसल (कोसेली घर) संचालन सम्बन्धी कार्यविधि, २०७८

(२) उपदफा १ बमोजिम माग गरिएको प्रस्तावमा यस नगरपालिकाभित्र स्थायी बसोबास गर्ने नागरिकहरुले **अनुसूची १** बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछन्।

(३) अनुसूची १ बमोजिमको निवेदन साथ तोकिएका कागजातहरु अनिवार्य रुपमा संलग्न राख्नुपर्नेछः

## परिच्छेद-३
## प्रस्ताव अध्ययन, तथा छनौट समिति

**४. प्रस्ताव अध्ययन तथा छनौट समितिः**

(१) दफा ३ बमोजिम प्राप्त भएका प्रस्तावहरु छनौट गर्न तथा सञ्चालित सौगात पसल तथा कोसेली घरहरुको अनुगमन गर्नका लागि नगरपालिकामा देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी एक सौगात पसल प्रस्ताव अध्ययन तथा छनौट समिति रहनेछः

(क) नगर प्रमुख - संयोजक
(ख) नगर उपप्रमुख - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) संयोजकले तोकेको कार्यपालिका सदस्यहरु मध्येका एक जना महिला सदस्य - सदस्य
(ङ) आर्थिक विकास समिति संयोजक - सदस्य
(ङ) आर्थिक विकास शाखा प्रमुख - सदस्य सचिव

(२) समितिमा आवश्यकतानुसार अन्य जनप्रतिनिधि, कर्मचारी तथा व्यक्तिहरुलाई समेत आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

(३) समितिको काम, कर्तव्य र अधिकारः सौगात पसल प्रस्ताव अध्ययन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सौगात पसल सञ्चालन गर्न ईच्छुक व्यक्तिहरुसँग प्रस्ताव माग गर्न सूचना प्रकाशन गर्ने।
(ख) समय सीमाभित्र प्राप्त भएका निवेदनहरु अध्ययन गरी **अनुसूची २** बमोजिमको छानबिन तथा मूल्याङ्कन गरी लाभग्राहीहरुको छनौट गर्नेछ ।
(ग) छनौट भएका लाभग्राहीसँग सम्झौता गरी सौगात पसल सञ्चालन गर्ने अनुमती दिने।
(घ) समय-समयमा सौगात पसलहरु अनुगमन गरी आवश्यक निर्देशनहरु दिने।
(ङ) सौगात पसल घुम्ती कोषको परिचालन गर्ने।

**५. बैठक सम्बन्धीः**

(१) सौगात पसल छनौट तथा अनुगमन समितिको बैठक चौमासिक रुपमा बस्नेछ।
(२) आवश्यकतानुसार समितिको बैठक बस्न सक्नेछ।
(३) समितिको बैठकमा सहभागी हुने पदाधिकारीहरुलाई नगरपालिकाको नियमानुसार बैठक भत्ता दिइनेछ।

## परिच्छेद-४
## सम्झौता सम्बन्धी व्यवस्था

**६. सम्झौता सम्बन्धी व्यवस्थाः**

(१) सौगात पसल प्रस्ताव अध्ययन, छनौट तथा अनुगमन समितिले छनौट गरेका लाभग्राहीहरुसँग नगरपालिकाले **अनुसूची ३** बमोजिम दुई आर्थिक वर्षको लागि सम्झौता गर्न सक्नेछ ।

(२) सम्झौता बमोजिम कार्य नगर्ने लाभग्राहीसँग सम्झौता नवीकरण हुने छैन।

## परिच्छेद-५
## सौगात पसल घुम्ती कोष

**७. सौगात पसल घुम्ती कोषसम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकामा सौगात पसल घुम्ती कोष रहनेछ।

ठाकुरबाबा नगरपालिकाको सौगात पसल (कोसेली घर) सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

(२) कोषको नाममा प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुने गरी नेपाल सरकारबाट मान्यता प्राप्त बैङ्कमा छुट्टै खाता खोली खाता सञ्चालन गरिनेछ।

(३) कोषमा देहाय बमोजिमका रकमहरु जम्मा गरिनेछः

(क) संघीय सरकारबाट प्राप्त हुने रकम

(ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम

(ग) नगरपालिकाबाट विनियोजित रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

(४) नगरपालिकासँग सम्झौता गरेका लाभग्राहीको बैङ्क खातामा सम्झौता बमोजिम रकम कार्य प्रगतिको आधारमा २ किस्तामा रकम उपलब्ध गराईनेछ ।

(५) सो रकमबाट लाभग्राहीले सौगात पसल सञ्चालन गर्नुपर्नेछ।

(६) सौगात पसल संचालनको कुल लागतको ७५ प्रतिशत सम्म सम्झौता बमोजिमको रकम कोषबाट उपलब्ध गराईने छ ।कोषबाट उपलब्ध गराईएको रकमको १० प्रतिशतसम्म लाभग्राहीले पसल व्यवस्थापनमा खर्च गर्न सक्नेछन् भने बाँकी रकम सम्झौतामा उल्लेख भएको मितिसम्म अनिवार्य रुपमा नगरपालिकाको कोषमा फिर्ता गर्नुपर्नेछ ।

(७) यदि कुनै लाभग्राहीले कोषमा जम्मा गर्नुपर्ने रकम सम्झौतामा उल्लेखित मितिसम्म पनि कोषमा जम्मा नगरेमा वा व्यवसाय सूचारु नगरेमा निजको चल अचल सम्पत्तिबाट समेत सो रकम असुल उपर गर्न बाधा पर्ने छैन।

(८) माथि जुनसुकै कुरा उल्लिखित भए तापनि एक लाख पचास हजार रूपैयाँसम्म आवश्यकता र औचित्यताका आधारमा महिलाहरू मात्रै सहभागी भएको कुनै लघुउद्यम समूहलाई निःशर्त अनुदानका रूपमा कार्यपालिकाबाट निर्णय गरी दिन सकिने छ ।

## परिच्छेद-६

## विविध

**८. व्याख्याः** **(क)** यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

**(ख)** यस कार्यविधि प्रकाशन हुनुभन्दा अघि भएका क्रियाकलापहरु तथा सूचना प्रकाशन कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**९. संशोधन तथा खारेजीः** आवश्यकतानुसार नगर कार्यपालिकाले यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

ठाकुरबाबा नगरपालिकाको सौगात पसल (कोसेली घर) सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

## अनुसूची-१
(दफा ३ को उपदफा २ सँग सम्बन्धित)
**सौगात पसल सञ्चालन गर्नका लागि दिने निवेदनको नमूना**

मितिः ......................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
ठाकुरबाबा नगरपालिका
सैनवार, बर्दिया।

**विषयः सौगात पसल सञ्चालन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा **"सौगात पसल (कोसेली घर) संचालन सम्बन्धी कार्यविधि, २०७८"** को दफा (३) उपदफा १ बमोजिम ठाकुरबाबा नगरपालिकाको मिति २०........../....../...... गते प्रकाशित सूचना अनुसार नगरपालिकासँगको साझेदारीमा सौगात पसल/कोसैली घर सञ्चालन गर्न चाहेकोले आवश्यक कागजात संलग्न राखि यो निवेदन पेश गरेको छु।

**तपसिल**

१. निवेदकको नामथरः..........................................................................................................
२. फर्मको नामः .................................................................................................................
३. स्थायी ठेगानाः............................................ ४. सम्पर्क नं................................................
५. ना. प्र. नं............................ जारी मितिः..........................जारी गर्ने जिल्लाः.........................
६. सौगात पसल सञ्चालन गर्न चाहेको स्थानः.....................................................
७. लागत अनुमानः रु.................................

................................
निवेदकः..............

**संलग्न कागजातहरुः**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. वडा कार्यालयको सिफारिस
३. पसल सञ्चालन गर्ने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
४. पसल सञ्चालन गर्ने घर निवेदकको नभए घर वहाल सम्झौता
५. बैङ्कमा खाता खोलेको भए चेकको प्रतिलिपि
६. व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि
७. करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि
८. पसल संचालनको लागी कार्ययोजना

ठाकुरबाबा नगरपालिकाको सौगात पसल (कोसेली घर) सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

अनुसूची २

दफा ४ को उपदफा ३(ख) संग सम्बन्धित

**सौगात पसल संचालनका लागी लाभग्राहि छनौटको मुल्याङ्कनका आधारहरु**

प्रस्तावकको संस्थाको नाम र किसिम ........................

ठेगाना ............................

| क्र.स. | आधारहरु | अंक |
|---|---|---|
| १. | **प्रस्तावकको संस्थागत अवस्था, क्षमता र अनुभवः** | |
| १.१ | ५ वर्ष भन्दा बढि (२०) | |
| १.२ | २ देखि ५ वर्ष (१५) | |
| १.३ | १ देखि २ वर्ष (१०) | |
| १.४ | ६ महिना देखि १ वर्ष भन्दा कम (०) | |
| २ | **आवेदकको आर्थिक अवस्था** | |
| २.१ | लगानीका लागी बैक मौज्दात भएको (१०) | |
| २.२ | लगानी गर्ने प्रतिवद्धता वित्तिय संस्थाबाट प्राप्त भएको (५) | |
| २.३ | आर्थिक श्रोत सुनिश्चिता नभएको (०) | |
| ३ | **फर्मको संचालक** | |
| ३.१ | महिला भएको (५) | |
| ३.२ | पुरुष भएको (०) | |
| ४ | **स्थानीय उत्पादनको अवस्था** | |
| ४.१ | आफै उत्पादन गर्ने (१०) | |
| ४.२ | उत्पादन नगर्ने (०) | |
| ५ | **व्यवसायीक योजना संलग्न** | |
| ५.१ | रहेको (५) | |
| ५.२ | नरहेको (०) | |
| ६ | **लागत साझेदारी** | |
| ६.१ | ५० प्रतिशत भन्दा माथि (१०) | |
| ६.२ | २५ देखि ५० प्रतिशत भन्दा माथि (५) | |
| ६.३ | २५ प्रतिशत भन्दा कम (०) | |
| | **जम्मा** | |

राय तथा सुझाव ...............

अगाडि बढाउने / नबढाउने प्रष्ट धारणा सहितको कारण उल्लेख गर्ने

**मुल्याङ्कन कर्ताको**

हस्ताक्षरः............

नामः...............

मितिः................

*(नोटः माथि उल्लेखित छनौटका आधारहरु प्रस्ताव अध्ययन तथा छनौट समितिले आवश्यकता अनुसार फेरबदल गर्न सक्नेछ)*

ठाकुरबाबा नगरपालिकाको सौगात पसल (कोसेली घर) संचालन सम्बन्धी कार्यविधि, २०७८

अनुसूची २

*(कार्यविधिको दफा ६(१) सँग सम्बन्धित)*

सौगात पसल संचालन सम्बन्धि

**सम्झौता-पत्र**

**ठाकुरबाबा नगरपालिकाको सौगात पसल (कोसेली घर) सञ्चालन सम्बन्धी कार्यविधि, २०७८** बमोजिम मिति २०...... गते प्रकाशित सूचना अनुसार सौगात पसल संचालनका लागी ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सैनवार बर्दिया (यसपछि प्रथम पक्ष भनिने) र सौगात पसल (कोशेलि घर) स्थापनाका लागी छनौट भएकाको .........................फर्मका ...................... संचालक "(यसपछि दोस्रो पक्ष) बीच सौगात पसल संचालनका लागि देहाय बमोजिमको शर्तहरू पालना गर्ने गरी दुवै पक्ष सहमति भएकाले यो सम्झौता उल्लेखित शर्तहरुको अधिनमा रहि गरिदियौ लियौ।

**१. सम्झौता गरिएको कामको विवरण कार्यक्रमको**

कामको विवरण ......................................................

पसल संचालन स्थान ..........................................

फर्मको नाम ............................................

**२. कार्यक्रम संचालकको समयावधि**

| | |
|---|---|
| शुरु मिति | |
| सम्पन्न हुने मिति | |
| कार्यक्रमको कुल अवधि (दिन/महिना) | |

**३. कार्यक्रमको कुल लागत**

३.१ यस कार्यक्रमको कुल लागत अनुमान रू........................ (अक्षरेपी................... मात्र) रहेको छ जुन निम्नानुसार व्यहोरिने छः ।

| | |
|---|---|
| कार्यक्रमको बजेट | जम्मा रकम रु. |
| अनुदान रकम (बेहोर्ने पक्षले प्रथम) | |
| कार्यक्रम संचालन (छनौट भएका प्रस्तावदाता) दोस्रो पक्षले व्यहोर्ने रकम | |
| **कुल जम्मा** | |

३.२ प्रथम पक्षले कार्यविधिको दफा ८ बमोजिम सौगात पसल संचालनका लागी प्रगतिका आधारमा रू ................................(अक्षेरूपी ...................... मात्र दोस्रो पक्षलाई २ किस्तामा रकम उपलब्ध गराउने छ ।

**बैकको विवरण**

| | |
|---|---|
| बैकको नाम तथा ठेगाना | |
| बैक खाताको नाम | |
| बैक खाता नं. | |
| बैक खाता किसिम | |
| खाता संचालकको नाम | |

**४. सम्झौताका शर्त एवं अवस्थाहरू (Terms and conditions)**

१. सम्झौताको बुदाँ नम्बर २ मा उल्लेख भएको कार्यक्रम शुरू भएको दिनबाट ३० दिनभित्र दोस्रो पक्षले सरोकारवालाहरूले देख्ने गरि सूचना पार्टि/होर्डीङ बोर्ड राखु पर्नेछ ।

२. अनुदान रकम तोकिएको कार्य योजना अनुरूप यसै सम्झौतासँग संलग्न तालिका ३ अनुसार स्विकृत बजेट तालिकामा उल्लेख भएका शिर्षकहरूमा मात्र खर्च गर्न पाइनेछ ।

ठाकुरबाबा नगरपालिकाको सौगात पसल (कोसेली घर) संचालन सम्बन्धी कार्यविधि, २०७८

३. तत्कालिन अवस्थामा सामाग्रीहरूको खरिद दर शुरू लागत अनुमान दर भन्दा बढी भई लागत मूल्य बढेमा सो बढेको मूल्य दोस्रो पक्षले नै व्यहोर्नु पर्नेछ ।

४. यस सम्झौता अनुसार सहमती भएका कृयाकलापहरूमा कुनै संशोधन गर्नु परेमा दुबै पक्षहरू बीच सहमती भै गरिनेछ।

५. दोस्रो पक्षले प्रथम पक्षको पूर्व लिखित स्वीकृती बिना वित्तिय सीमा भन्दा बाहिर खर्च गर्न पाउने छैन

६. दोस्रो पक्षले वस्तु वा सेवाको खरिद गर्दा प्रचलित ऐन नियमावली अनुसार खरिद गर्नुपर्नेछ ।

७. कार्यक्रमका लागि प्रदान गरिने रकमको सही सदुपयोग, सन्तोषजनक प्रगति तथा प्राप्त वित्तिय प्रतिवेदनको आधारमा अनुदानको निकासा दिइनेछ ।

८. कार्यक्रम अवधि वा सो पश्चात कार्यक्रम दोस्रो पक्षले प्रथम पक्ष वा प्रथम पक्षको आवश्यकता अनुरूप कार्यक्रमको स्थल तथा व्यवसायिक क्षेत्रको निर्वाध रूपमा निरीक्षण गर्न दिनु पर्नेछ ।

९. कार्यक्रम संचालनको क्रममा व्यवसायको प्रस्तावित क्रियाकलापमा परिवर्तनहरू हुन सक्ने जायज कारणहरू भएमा प्रथम पक्षलाई समयमा नै लिखित जानकारी गराउनु पर्नेछ र कुनै महत्वपूर्ण परिवर्तन हुने अवस्थामा प्रथम पक्षको स्वीकृती अनिवार्य लिनुपर्नेछ ।

१०. यदि दोस्रो पक्षले पूर्व स्विकृत कार्य योजनामा कुनै किसिमको अप्रत्यासित ढिलाई हुने संभावना देखेमा प्रथम पक्षलाई कानुन बमोजिम समय बढाउन पूर्व स्वीकृतीका लागि अनुरोध गर्नु पर्नेछ ।

११. दोस्रो पक्षको बैक खाता विवरण निम्न बमोजिम हुनेछ र यदि कार्यक्रम संचालन अवधिमा यी विवरणहरूमा कुनै परिवर्तन हुन गएको हकमा प्रथम पक्षलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

१२. सौगात पसल संचालनको कुल लागतको ७५ प्रतिशत सम्म सम्झौता बमोजिमको रकम कोषबाट उपलब्ध गराईने छ ।कोषबाट उपलब्ध गराईएको रकमको १० प्रतिशतसम्म लाभग्राहीले पसल व्यवस्थापनमा खर्च गर्न सक्नेछन् भने बाँकी रकम सम्झौतामा उल्लेख भएको मितिसम्म अनिवार्य रुपमा कोषमा फिर्ता गर्नुपर्नेछ।

१३. दोस्रो पक्षले कोषमा जम्मा गर्नुपर्ने रकम सम्झौतामा उल्लेखित मितिसम्म पनि कोषमा जम्मा नगरेमा वा व्यवसाय सूचारु नगरेमा दोस्रो पक्षको चल अचल सम्पत्तिबाट समेत सो रकम असुल उपर गर्न बाधा सहमति हुने छ ।

१४. दुवैको सहमति भएमा उल्लेखित बुदाहरु थप/ घट गर्न सकिनेछ ।

| **दोस्रोपक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| संचालक | प्रमुख प्रशासकीय अधिकृत |
| नाम | नाम |
| पद | पद |
| संस्था | छाँप |
| ठेगाना छाँप | |
| मिति | मिति |
| साझिहरु | |
| हस्ताक्षर<br>नाम पद<br>ठेगाना | हस्ताक्षर<br>नाम<br>पद |

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको सौगात पसल (कोसेली घर) संचालन सम्बन्धी कार्यविधि, २०७८